# यो पाठ्यपुस्तक कसरी प्रयोग गर्ने

## यो पाठ्यपुस्तकका विषेशताहरू

### “इरोडोरी: जापनीज फर लाइफ इन जापान” जापानमा बसिरहेका वा भविष्यमा जापानमा बस्नेहरूका लागि एउटा जापानी पाठ्यपुस्तक हो।

“इरोडोरी: जापनीज फर लाइफ इन जापान” जापानमा बसिरहेका वा भविष्यमा जापानमा बस्नेहरूका लागि एउटा जापानी पाठ्यपुस्तक हो। यसले जापानमा विभिन्न दैनिक क्रियाकलापहरू जस्तै काम गर्न, किनमेल गर्न, रमाइलो गर्न, खान र अन्य व्यक्तिहरूसँग कुरा गर्नका लागि जापानी भाषा सिकाउँछ।

यो पाठ्यपुस्तकको उद्देश्य भनेको जापानी भाषा प्रयोग गरी जापानमा वास्तविक जीवनमा गर्न सक्ने कुराहरू बढाउनु हो। यिनीहरूलाई "क्यान-डु" ("Can-do", गर्न सक्ने कुराहरू) भनिन्छ। यो पाठ्यपुस्तकको उद्देश्य भनेको "क्यान-डु"-मा आधारित सिकाइद्वारा जापानमा दैनिक जीवनमा कुराकानी गर्ने सीपको निर्माण गर्नु हो।

### इरोडोरीको मदतले तपाईं A1/A2 लेभलको जापानी भाषा सिक्न सक्नुहुन्छ।

इरोडोरी तीन भागहरू मिलेर बनेको छ: स्टार्टर, एलिमेन्टरी 1, र एलिमेन्टरी 2। स्टार्टर जापानी भाषा शिक्षाको जे. एफ. मापदण्ड* A1 लेभल अनुरूप छ अनि एलिमेन्टरी 1 र एलिमेन्टरी 2 लेभल A2 लेभल समान छन्। A1 लेभलमा तपाईं अभिवादन गर्न र आफूले सिकेका अभिव्यक्तिको प्रयोग गरी सरल तरिकाले कुराकानी गर्न सक्नुहुनेछ। A2 लेभलमा तपाईंले जानेका शीर्षकहरूबारे छोटो र साधारण दैनिक कुराकानी गर्न सक्नुहु-नेछ।


* जापानी भाषा शिक्षाको जे. एफ. मापदण्डले A1 देखि C2 सम्म जापानी भाषाको 6 चरणको प्रतिनिधित्व गर्छ।

**A1 लेभल**

- ठोस आवश्यकताको सन्तुष्टि प्राप्तिप्रति लक्षित परिचित दैनिक अभिव्यक्तिहरू र आधारभूत वाक्यांशहरू बुझ्न र प्रयोग गर्न सक्नुहुनेछ।
- यसमा तपाईं आफ्नो र अरूको परिचय दिन सक्नुहुनेछ र व्यक्तिगत जानकारी जस्तै, तपाईं कहाँ बस्नुहुन्छ, चिनेजानेको मानिसहरू र आफूसँग भएको वस्तुको बारेमा प्रश्नहरू सोध्न र त्यसको जवाफ दिन सक्नुहुनेछ।
- कुनै व्यक्ति बिस्तारै र स्पष्टसित कुरा गर्छ र मदत गर्न तयार छ भने ऊसँग साधारण तरिकामा कुराकानी गर्न सक्नुहुनेछ।

**A2 लेभल**

- तुरुन्तै प्रतिक्रिया दिनुपर्ने क्षेत्रसँग सम्बन्धित वाक्य तथा बारम्बार प्रयोग हुने अभिव्य-क्तिहरू बुझ्न सक्नुहुनेछ। (जस्तै, आधारभूत व्यक्तिगत र पारिवारिक जानकारी, किनमेल, स्थानीय भूगोल, रोजगारी)।
- सामान्य र दैनिक क्रियाकलाप सम्बन्धी सरल र परिचित र दिनचर्याका मामिलाहरूको जानकारी प्रत्यक्ष आदानप्रदान गर्नपर्ने कुराकानी गर्न सक्नुहुनेछ।
- आफ्नो पृष्ठभूमि, आफ्नो वरिपरिका कुराहरू र तत्काल आवश्यकताका क्षेत्रका मामिलाहरूबारे सरल शब्दहरूमा वर्णन गर्न सक्नुहुनेछ।




जापानी भाषा शिक्षाको जे. एफ. मापदण्ड प्रयोगकर्ताको लागि निर्देशिका


©The Japan Foundation

## इरोडोरी "जे. एफ. क्यान-डु फर लाइफ इन जापान"-मा आधारित छ।

जापान फाउन्डेसनको "जे. एफ. क्यान-डु फर लाईफ इन जापान"-को घोषणा 2019 मा भयो। यी “क्यान-डु”-हरूले “निर्दिष्ट दक्ष कामदार”-को रूपमा जापान आउने गैर-जापानी भाषीहरूलाई दैनिक रूपमा आवश्यक पर्ने जापानी कुराकानी गर्ने आधारभूत सीपको बारेमा वर्णन गर्छ। इरोडोरीले यी “क्यान-डु”-हरूको आधारमा उद्देश्यहरू स्थापित गरेको छ। त्यसैले यो पाठ्यपुस्तक प्रयोग गरी तपाईँ जापानको दैनिक जीवनको लागि कुराकानी गर्ने आधारभूत सीप सिक्न सक्नुहुनेछ। इरोडोरी जापान आउनुअघि अध्ययन गर्न वा आधारभूत जापानी भाषाको लागि जापान फाउन्डेसन परीक्षाको तयारी गर्दा पनि प्रयोग गर्न सकिन्छ, जसले कुराकानी गर्ने यी क्षमताहरूको मापन गर्छ।

## इरोडोरीले प्रशस्त अडियो र असली सामग्रीहरूद्वारा व्यावहारिक जापानी कुराकानी गर्ने सीप सिकाउँछ।

इरोडोरीले सुन्ने माध्यमलाई जोड दिन्छ। वास्तविक जीवनमा प्रयोग गर्न तपाईँले धेरै जापानी भाषा सुन्नु आवश्यक छ। त्यसकारण इरोडोरीमा प्रशस्त अडियो फाइलहरू छन्। साथै, पढ्ने र लेख्ने गतिविधिहरू जापानको दैनिक जीवनमा प्रयोग हुने असली वा अर्धअसली सामग्रीमा आधारित हुन्छन्, जसले गर्दा तपाईँ साँच्चैको जीवनमा जस्तै जापानी भाषा अभ्यास गर्न सक्नुहुनेछ। यी अडियो फाइल र सामग्रीहरूको मदतले तपाईँ व्यावहारिक तुरुन्त प्रयोग गर्न सकिने जापानी भाषा सिक्न सक्नुहुनेछ।

## इरोडोरीले दैनिक जीवनसँग नजिकको सम्बन्ध राख्ने विभिन्न विषयहरूलाई समेटेको छ।

इरोडोरीमा विषयअनुसार पाठहरू छन्। प्रत्येक पाठमा जापानको दैनिक जीवनसँग जोडिएको भिन्न विषय पाइन्छ। तपाईँ केवल जापानी भाषाको अध्ययन मात्र गर्नुहुने छैन, बरु तपाईँले जापानको दैनिक जीवन र जापानी सन्दर्भसँग जोडिएका विभिन्न विषयहरूको माध्यमबाट जापानी जीवन र संस्कृतिको पनि अनुभव गर्नुहुनेछ। यसमा जापानमा दैनिक जीवनका लागि उपयोगी जानकारीबारे एउटा भाग पनि छ।

## इरोडोरीले व्याकरण र खान्जी जस्ता भाषाको ज्ञान लिनको लागि पर्याप्त मदत गर्छ।

यस पाठ्यपुस्तकको उद्देश्य वास्तविक जीवनमा कुराकानी गर्दा तपाईँलाई जापानी भाषा प्रयोग गर्न सक्षम बनाउनु हो, व्याकरण, शब्द वा खान्जीको अध्ययन गराउनु होइन। यद्यपि तपाईँलाई क्यान-डु-को लागि यी चीजहरू आवश्यक पर्ने हुनाले इरोडोरीले कुराकानी गर्ने सन्दर्भमा ती चीजको बारेमा पर्याप्त ज्ञान प्रदान गर्छ। इरोडोरीले साधारण प्राथमिक लेभलको जापानी शिक्षा सामग्रीहरूमा चलाइने व्याकरण, शब्दहरू र खान्जीलाई समेटेको छ।

## तपाईँ इरोडोरी इन्टरनेटबाट डाउनलोड गर्न सक्नुहुन्छ।

इरोडोरी इन्टरनेटबाट उपलब्ध भएको हुनाले संसारको जुनसुकै ठाउँबाट तपाईँ यसलाई डाउनलोड गर्न सक्नुहुन्छ। यो पीडीएफ फाइलको रूपमा प्रदान गरिएको हुनाले तपाईँ यसलाई प्रिन्ट गर्न सक्नुहुनेछ वा ट्याबलेट वा स्मार्ट फोनमा हेर्न सक्नुहुन्छ। अडियो डाउनलोड वा स्ट्रिम गर्न सकिन्छ।

## इरोडोरी केही हदसम्म मारुगोटोसँग जोडिएको छ।

इरोडोरीको प्रत्येक पाठका विषय र व्याकरण विदेशी विद्यार्थीहरूका लागि जापान फाउन्डेसनद्वारा सिर्जित जापानी पाठ्यक्रम पुस्तक “मारुगोटो: जापानी भाषा र संस्कृति”-सँग केही हदसम्म जोडिएका छन्। तपाईँ इरोडोरी र मारुगोटो सँगै प्रयोग गर्न सक्नुहुनेछ, इरोडोरी अध्ययनको क्रममा मारुगोटोको पूरकको रूपमा प्रयोग गर्न सक्नुहुनेछ वा मारुगोटोसँग सम्बन्धित वेबसाइटहरू जस्तै मारुगोटो+(मारुगोटो प्लस) प्रयोग गर्न सक्नुहुनेछ।

## इरोडोरीको उद्देश्य कुराकानी र संस्कृतिको बुझाइबाट आपसी समझदारी ल्याउनु हो।

इरोडोरीको समग्र उद्देश्य भनेको व्यक्ति-व्यक्तिबीच आपसी समझदारी ल्याउनु हो, जुन जापानी भाषा शिक्षाको जे. एफ. मापदण्डको आधारभूत दर्शन हो। इरोडोरीले जापानी भाषामा कुराकानी गर्ने सीप र विभिन्न सांस्कृतिक सीप विकास गर्न योगदान पुऱ्याउँछ। यी सीपहरूका माध्यमबाट जापानी जीवन सुरु गर्ने वा पहिले नै जापानमा बसिरहेका व्यक्तिहरूले आफूलाई अभिव्यक्त गर्न, एकअर्कालाई राम्रोसँग चिन्न र अन्तरक्रिया गर्न सक्छन्, जसले आपसी समझदारी बढाउँछ।


©The Japan Foundation

## यो पाठ्यपुस्तक कसरी व्यवस्थित पारिएको छ ?

इरोडोरी तीन भागहरू मिलेर बनेको छ: स्टार्टर (A1), एलिमेन्टरी 1 (A2) र एलिमेन्टरी 2 (A2)। यी प्रत्येक सिकाइ सामग्रीहरूमा निम्न कुराहरू छन्।

### मुख्य पुस्तक (पीडीएफ)

- **आवरण पृष्ठ (कभर)**
- **पाठकलाई सन्देश** (जापानी, नेपाली)
- **यो पाठ्यपुस्तक कसरी प्रयोग गर्ने** (जापानी, नेपाली)
- **विषय सूची** (जापानी, नेपाली)
- **पाठ 1 देखि 18**
  - गतिविधिहरू
  - अक्षर (स्क्रिप्ट) सुत्र
  - खान्जी शब्दहरू
  - व्याकरण नोटहरू
  - जापान बसोबासका लागि सुझावहरू
- **क्यान-डु जाँच**
- **प्रकाशनको जानकारी**

### अडियो फाइलहरू (MP3)

- **पाठ 1 देखि 18**

### अन्य स्रोतहरू*

- **जवाफहरू**
- **शब्द सूचीहरू**
- **शिक्षण मार्गदर्शन**
- **अन्य**

*अन्य स्रोतहरू पछि उपलब्ध हुनेछन्।


©The Japan Foundation


# यो पाठ्यपुस्तक कसरी प्रयोग गर्ने ?

## 1 प्रत्येक पाठ कसरी व्यवस्थित पारिएको छ ?

स्टार्टर, एलिमेन्टरी 1 र एलिमेन्टरी 2 प्रत्येकमा 9 वटा विषय र 18 वटा पाठहरू छन्। प्रत्येक पाठको लागि 150 देखि 180 मिनेट दिइएको हुन्छ। प्रत्येक पाठमा दिइएका गतिविधिहरूको सङ्ख्या फरक-फरक हुने हुँदा कृपया त्यसलाई मिलाउन समयको समायोजन गर्नुहोस्।

प्रत्येक पाठ तलका दिए जस्तै व्यवस्थित पारिएका छन्:

- **विषयको नाम र पाठको शीर्षक**
- **परिचयात्मक प्रश्नहरू**
  यी पाठको विषयवस्तुहरूको बारेमा स्पष्ट चित्रण गर्न तपाईँलाई सहयोग गर्ने प्रश्नहरू हुन्। आफूले हासिल गरेका अनुभवहरूबारे सोच्नुहोस् र तीबारे कक्षामा कुरा गर्नुहोस्।
- **गतिविधिहरू**
  यी गतिविधिहरूले तपाईँलाई क्यान-डु प्राप्त गर्न मदत गर्छन् र यी पाठ्यपुस्तकका मुख्य अंश हुन्। प्रत्येक पाठमा 3 देखि 6 वटा गतिविधिहरू छन्। यसले तपाईँलाई वास्तविक जीवनमा प्रयोग हुने जापानी भाषा सिक्न मदत गर्नेछ।
- **अक्षर (स्क्रिप्ट) सुन्नु**
- **खान्जी शब्दहरू**
  गतिविधिमा देखा पर्ने खान्जी शब्दहरू अध्ययन गर्नुहोस्।
- **व्याकरण नोटहरू**
  प्रत्येक पाठमा तपाईँले अध्ययन गर्ने व्याकरण र अभिव्यक्तिको व्याख्या। (यो भाग स्टार्टर पाठ 1 र पाठ 2 मा छैन।)
- **जापानी जीवनका लागि सुझावहरू**
  गतिविधिहरूमा देखा परेका जापानी संस्कृति र सन्दर्भको व्याख्या।





©The Japan Foundation

## 2 गतिविधि र चरणहरू

### (1) गतिविधि र उद्देश्यका प्रकारहरू

प्रत्येक पाठमा बोल्ने, सुन्ने, पढ्ने, र लेख्ने गरी चार प्रकारका गतिविधिहरू छन्। प्रत्येक गतिविधि एक्लै आउन सक्ने भए तापनि तिनीहरू सबै एउटै पाठभित्र केही हदसम्म जोडिएका छन्। प्रत्येक पाठमा सङ्ख्या, प्रकार र गतिविधिहरूको अवस्था फरक-फरक हुनेभए तापनि सामान्यतया त्यहाँ धेरैजसो बोल्ने गतिविधिहरू हुन्छन्। चार प्रकारका गतिविधिको समग्र उद्देश्यहरू यस प्रकार छन्:

| | | |
|---|---|---|
| | बोल्ने | यसको उद्देश्य भनेको परिचित अवस्थामा प्रश्नहरू सोध्न र उत्तर दिन सक्षम हुनुको साथै आफ्नो र आफूले चिनेका चीजहरूको बारेमा सरल स्पष्टीकरण दिनु हो। |
| | सुन्ने | यसको उद्देश्य भनेको दैनिक कुराकानीको महत्त्वपूर्ण अंशहरू बुझ्नु र साधारण समाचार, सार्वजनिक घोषणा र यस्तै किसिमका प्रसारणहरूबाट आवश्यक जानकारी प्राप्त गर्नु हो। |
| | पढ्ने | यसको उद्देश्य दैनिक जीवनमा लिखित पाठहरू जस्तै घोषणाहरू, सार्वजनिक स्थलमा राखिएका सूचनाहरू र रेस्टुरेन्टहरूको मेनुहरूमा भएका आवश्यक जानकारी पाउनुका साथै गैर-जापानी नागरिकहरूका लागि सरल जापानी भाषामा लेखिएको पर्चाको सामग्री पढ्नु र बुझ्नु हो। |
| | लेख्ने | यसको उद्देश्य भनेको दैनिक जीवनका लागि आवश्यक फारामहरू भर्ने, साथीहरू र अन्य व्यक्तिहरूलाई सन्देशहरू पठाउने र तपाईं आफै परिचित भएका कुराहरूको बारेमा सरल सामाजिक सञ्जाल पोस्टहरू सिर्जना गर्ने सीपहरू सिक्नु हो। |

### (2) यी सबै गतिविधिहरूका लागि साझा चरणहरू

प्रत्येक गतिविधिमा निम्न चरणहरू छन्:

**1 गर्न सक्ने (क्यान-डु) उद्देश्य**


यसको उद्देश्य बुझ्नका लागि त्यस गतिविधिको गर्न सक्ने कुराहरू (क्यान-डु) हेर्नुहोस्।

**2 गतिविधि**

बोल्ने, सुन्ने, पढ्ने वा लेख्ने गतिविधि गर्नुहोस्।

**3 क्यान-डु जाँच**

आत्म-मूल्याङ्कन गर्न पुस्तकको अन्त्यमा भएको क्यान-डु जाँच प्रयोग गर्नुहोस्। कत्तिको राम्ररी क्यान-डु प्राप्त गर्नुभयो भनी तपाईं आफैले जाँच गर्नुपर्छ। टिप्पणी लेख्ने भागमा गतिविधिबारे तपाईंलाई कस्तो लाग्यो, तपाईंले अब गर्न चाहेको कुरा र यस्तै लेख्न सक्नुहुनेछ। हरेक पटक गतिविधि सकाउनुभएपछि वा उक्त पाठ सकाउनुभएपछि क्यान-डु जाँच भर्न सक्नुहुनेछ।




 ©The Japan Foundation

## (3) बोल्ने, सुन्ने, पढ्ने र लेख्ने गतिविधिहरूका लागि विशेष चरणहरू:

### बोल्ने गतिविधिहरू

**1 क्यान-डु (गर्न सक्ने) उद्देश्य**

**2 शब्दहरूको लागि तयारी**

गतिविधिको लागि आवश्यक पर्ने शब्दहरू तलका चरणहरू अनुसरण गरी अध्ययन गर्नुहोस्। (केही गतिविधिमा यी छन् र केहीमा छैनन्।)


1. **उदाहरणहरू हेर्दै अडियो सुन्नुहोस् र शब्दको अर्थको जाँच्नुहोस्।**
2. **अडियो सुनी शब्दहरू दोहोऱ्याउने प्रयास गर्नुहोस्।**
   यसको उद्देश्य शब्द याद गर्नु नभई उच्चारण जाँच गर्नु हो।
3. **अडियो सुनी सामग्रीसँग मेल खाने उदाहरण छनोट गर्नुहोस्।**
   शब्द सुन्नासाथ अर्थ बुझ्नुहुन्छ कि बुझ्नुहुन्न, जाँच्नुहोस्। यसको उद्देश्य अभिव्यक्तिसँग अर्थ जोड्न सक्षम हुनु हो।


**3 उदाहरणमा दिइएका संवादहरू सुन्नुहोस्।**

यस गतिविधिको उद्देश्य बोल्नु हो तर पहिले तपाईंले उदाहरणमा दिइएको संवाद सुन्नुपर्छ र सामग्रीहरू अलि अलि बुझ्नुपर्छ। यस चरणको लागि व्याकरण र अभिव्यक्ति विस्तृत रूपमा बुझ्नु आवश्यक छैन।

गतिविधिको आधारमा तपाईंले या त विभिन्न फरक अवस्थाको छोटा उदाहरण संवादहरू सुन्नु हुनेछ वा एउटा अवस्थाको एउटा लामो उदाहरण संवाद सुन्नुहुनेछ। सामान्यतया, यदि धेरै छोटा संवादहरू छन् भने मुख्य पाठमा कुनै अक्षर (स्क्रिप्ट) हुनेछैन तर पछाडि "सुन्ने अक्षर (स्क्रिप्ट)" भने हुनेछ। यदि एउटा लामो संवाद छ भने मुख्य पाठमा अक्षर (स्क्रिप्ट) हुनेछ।

यी प्रत्येकका चरणहरू निम्नानुसार छन्।





**● संवादमा अक्षर (स्क्रिप्ट) समावेश छैन।**

1. तपाईंले सुन्नुअघि कस्तो अवस्था हो र के विषयबारे कुरा भइरहेको छ भनी जाँच्नुहोस्।
2. उत्तर दिँदा संवाद सुनी मुख्य कुरा बुझ्नुहोस्।
3. कुनै पनि नयाँ शब्द र अभिव्यक्तिको अर्थ जाँचेपछि पुनः संवाद सुनी कुरा अलि विस्तृत रूपमा बुझ्नुहोस्।


**● संवादमा अक्षर (स्क्रिप्ट) समावेश छ।**

1. तपाईंले सुन्नुअघि कस्तो अवस्था हो र को कोसँग कुरा गर्दैछ भनी जाँच्नुहोस्।
2. अक्षर (स्क्रिप्ट) नहेरी संवाद सुन्नुहोस् र प्रश्नहरूको उत्तर दिने बेलामा अलि अलि बुझ्नुहोस्।
3. अक्षर (स्क्रिप्ट) अनुसरण गरी सुन्नुहोस् र यसलाई अझ विस्तृत रूपमा बुझ्नुहोस्। यसो गर्ने बेलामा कुनै नयाँ शब्द र अभिव्यक्तिको अर्थ सँगसँगै जाँच्नुहोस्।


©The Japan Foundation

## 4 रूपमा केन्द्रित हुनुहोस्।

क्यान-डु प्राप्त गर्न व्याकरण र अभिव्यक्तिहरूबारे अध्ययन गर्नुहोस्।





1. **व्याकरण र अभिव्यक्तिहरूमा ध्यान दिनुहोस्।**
   उदाहरण संवादहरूमा रेखाङ्कित खाली ठाउँहरू छन्। ती तपाईँले ध्यान दिनुपर्ने व्याकरण र अभिव्यक्तिहरू हुन्। भाषिक रूपमा ध्यान दिई अडियो सुनी खाली ठाउँ भर्नुहोस्।

2. **व्याकरण र अभिव्यक्तिको अर्थ र प्रयोगको बारेमा सोच्नुहोस्।**
   तपाईँलाई व्याकरण र अभिव्यक्तिको अर्थ र ती कसरी प्रयोग गर्ने भनेर सोच्नको लागि मदत गर्न प्रश्न ! को उत्तर दिनुहोस्। शिक्षकले नै पहिला व्याकरण बुझाउनुको सट्टा विद्यार्थीले यसबारे सोच्नुपर्छ र जापानी भाषाको नियम आफै पत्ता लगाउनुपर्छ।
   ➡ त्यसपछि “व्याकरण नोटहरू” मा दिइएका उदाहरण वाक्यहरू र व्याख्या पढी जाँच्नुहोस्।

3. **प्रयोग गरिएको अभिव्यक्तिमा ध्यान केन्द्रित गर्दै फेरि एक पटक उदाहरण संवाद सुन्नुहोस्।**
   उदाहरण संवादहरू फेरि एक पटक सुन्नुहोस् र संवादमा व्याकरण र अभिव्यक्तिहरू कसरी प्रयोग गरिएका छन्, जाँच्नुहोस्।

## 5 बोल्ने

यो भाग नै यस गतिविधिको लक्ष्य हो। यसलाई क्रमशः अभ्यास गर्नुहोस्।




1. **नमुना संवाद सुन्नुहोस्।**
   अडियो सुनी स्पिच बबलमा भएको संवादलाई पछ्याउनुहोस्। यो तपाईँलाई क्यान-डु प्राप्त गर्न सहयोग गर्ने नमुना संवाद हो। संवाद र अभिव्यक्तिको प्रवाह जाँच्नुहोस्।

2. **संवादलाई दोहोऱ्याउनुहोस्।**
   तपाईँले धाराप्रवाहसहित बोल्न सक्नको लागि यो एउटा अभ्यास हो। पहिले पाठलाई हेरी स्पिच बबलमा भएको संवाद धेरै पटक दोहोऱ्याउनुहोस्। अन्त्यमा, यसलाई नहेरी फेरि दोहोऱ्याउनुहोस्।

3. **अभ्यास गर्नुहोस्।**
   अब अर्को चरण “4. स्वतन्त्र रूपमा बोल्नुहोस्”-को लागि तयार हुनुहोस्। कुनै गतिविधिमा यी छन् र कुनैमा छैनन्। स्पिच बबल संवादमा भएका शब्दहरू परिवर्तन गरी 3 को उदाहरण संवादहरूको सामग्री प्रयोग गरी अभ्यास गर्नुहोस्।

4. **स्वतन्त्र रूपमा बोल्नुहोस्**
   तपाईँ आफ्नो बारेमा स्वतन्त्र रूपमा बोल्नुहोस् वा भूमिका निभाउनुहोस्। स्पिच बबल संवादमा भएका शब्दहरू मात्र परिवर्तन गर्नुको सट्टा स्वतन्त्र रूपमा चाहेको कुरा भन्नुहोस्। आफूलाई व्यक्त गर्ने शब्दहरूको आवश्यकता पर्दा तपाईँ कुनै शब्दकोश वा स्मार्ट फोन प्रयोग गर्न सक्नुहुनेछ।


## 6 क्यान-डु (गर्न सक्ने) जाँच

 ©The Japan Foundation


### (5) स्याडोइङ भनेको के हो ?

“स्याडोइङ” एक अभ्यास विधि हो। संवाद अन्त हुनुसम्म पर्खनुको सट्टा अडियो सुनी शब्दहरू सुनिन थालेपछि तुरुन्तै वाक्यहरू सानो स्वरमा बोल्नुहोस्। तपाईंले अडियोमा भएका शब्दहरूको तुरुन्तै पछि छाया जस्तै गरी पछ्याउनुपर्छ।

सही तरिका




गलत तरिका




 ©The Japan Foundation

## सुन्ने गतिविधिहरू

यी गतिविधिका लागि बोल्ने गतिविधिका जस्तै चरणहरू छन्। तर यसको उद्देश्य भनेको सुनेर बुझ्न सक्नु हो। आवश्यक भागहरू सुन्न र बुझ्न सक्नुहुन्छ भने तपाईँले उद्देश्य प्राप्त गर्नुभएको हुनेछ।

❶ **क्यान-डु (गर्न सक्ने) उद्देश्य**

❷ **शब्दहरूको लागि तयारी**

सुन्नुभन्दा पहिले तपाईँले जान्नुपर्ने शब्दहरूको अध्ययन गर्नुहोस्। कुनै गतिविधिमा यी छन् र कुनैमा छैनन्। यी चरणहरू बोल्ने गतिविधिहरूको लागि जस्तै हुन्।

❸ **सुन्ने**

यो भाग गतिविधिको लक्ष्य हो।

1. **स्थिति जाँच्नुहोस्।**
   सुन्नुभन्दा पहिले उदाहरणहरू हेर्नुहोस् र सुन्ने कार्यको अवस्था, उद्देश्य र सामग्री जाँच्नुहोस्।


2. **सामग्री एक-एक चरणअनुसार बुझ्नुहोस्।**
   प्रश्नहरूको उत्तर दिँदा मूख्य विषयवस्तु सुन्नुहोस् र बुझ्नुहोस्। गतिविधि अभ्यास गर्ने विभिन्न तरिका हुनेछन्, जस्तैः सामग्रीसँग मेल खाने उदाहरणहरू छान्ने, मुख्य शब्दहरू छान्ने, मुख्य बुँदाहरूको नोट बनाउने र सही वा गलत भनेर लेख्ने। तपाईँले सुन्ने सबै कुरा बुझ्न आवश्यक छैन। यदि तपाईँ प्रश्नहरूको उत्तर दिन सक्नुहुन्छ भने तपाईँले क्यान-डु प्राप्त गर्नुभएको हुनेछ।


3. **शब्दहरू जाँची पुनः सुन्नुहोस्।**
   तपाईँलाई अझ विस्तृत रूपमा सामग्री सुन्न मद्दत गर्ने यो अतिरिक्त गतिविधि हो। तपाईँले पाठ्यपुस्तकमा भएका नयाँ शब्द र अभिव्यक्तिको अर्थ जाँचेपछि पुनः सुन्नुहोस्। अति प्राथमिक लेभलको लागि कठिन शब्दहरू भएकोले तपाईँले सबै कुरा याद राख्नुपर्दैन।
   ➡ यदि आफूले नबुझेका भागहरू जाँच्न चाहनुहुन्छ भने तपाईँले पछाडि सुन्ने अक्षर (स्क्रिप्ट) हेर्न सक्नुहुनेछ।


❹ **रूपमा केन्द्रित हुनुहोस्।**

तपाईँले सुन्नुभएका नयाँ व्याकरण र अभिव्यक्तिहरूमा ध्यान दिनुहोस्। यी चरणहरू बोल्ने गतिविधिहरूको लागि जस्तै हुन्। नयाँ व्याकरण वा अभिव्यक्तिहरू छन् भने मात्र पाठमा यो अंश हुनेछ।

❺ **क्यान-डु (गर्न सक्ने) जाँच**




 ©The Japan Foundation

## पढ्ने गतिविधिहरू

**❶ क्यान-डु (गर्न सक्ने) उद्देश्य**

**❷ पढ्ने**

यो भाग गतिविधिको लक्ष्य हो।

1. **स्थिति जाँच्नुहोस्।**
   पढ्नुभन्दा पहिले पढ्ने कार्यको अवस्था, उद्देश्य, सामग्री जाँच्नुहोस्।

2. **सामग्री एक-एक चरणअनुसार बुझ्नुहोस्।**
   प्रश्नहरूको उत्तर दिँदा मुख्य सामग्री पढ्नुहोस् अनि बुझ्नुहोस्। पहिले तपाईंले आधारभूत रूपरेखा जस्तै: विषय के हो र महत्त्वपूर्ण जानकारी कहाँ छ भन्ने बुझ्नुपर्छ र त्यसपछि तपाईं अरू विस्तृत रूपमा जानकारी प्राप्त गर्न सक्नुहुनेछ। तपाईंले सबै कुरा बुझ्न आवश्यक छैन। यदि तपाईं प्रश्नहरूको उत्तर दिन सक्नुहुन्छ भने तपाईंले क्यान-डु प्राप्त गर्नुभएको हुनेछ। सामान्यतया ती पाठहरूमा फुरिगाना हुँदैन, वास्तवमा तपाईंले ती कुराहरू जापानी दैनिक जीवनमा देख्नुहुनेछ। यी पढ्ने सामग्रीहरूमा दैनिक प्रयोगमा भएका सामग्रीहरूमा जस्तै फुरिगाना छैन। तपाईंले सायद जापानको दैनिक जीवनमा धेरै थाहा नभएका शब्दहरू र खान्जी देख्नुहुनेछ। यसको तयारीको लागि सर्वप्रथम तपाईंले बुझ्ने शब्दहरू, फोटोहरू र उदाहरणहरूको सङ्केत खोजी अनुमानको आधारमा शब्दहरूको अर्थ नजाँची वा शब्दकोश प्रयोग नगरी पढ्नुपर्छ।

   **大切(たいせつ)なことば उपयोगी शब्दहरू जाँच्नुहोस्।**
   उपयोगी शब्दहरू ती हुन्, जुन प्राथमिक लेभलका विद्यार्थीले सिक्नै पर्छ वा जापानमा बस्दा उपयोगी हुनेछन्। पहिले सोझै पाठ पढ्नुहोस्। त्यसपछि ती उपयोगी शब्दको अर्थ जाँची तपाईंलाई थाहा नभएका शब्द र शब्दकोशमा खान्जी कसरी पढ्ने भनेर खोजी गर्नुहोस्। यसपछि पाठ फेरि पढ्ने प्रयास गर्नु राम्रो हो।


3. **तपाईंले पढ्नुभएको सामग्रीको बारेमा गहिरिएर बुझ्नुहोस्।**
   तपाईं यी प्रश्नहरूको उत्तर दिएर, आफ्नै अनुभवबारे विचार गरेर अनि आफूले पढेको कुरालाई आफ्नो देशमा हुने कुरासित तुलना गरी गहिरिएर बुझ्न सक्नुहुनेछ। कक्षामा छलफलका लागि स्थानीय भाषा प्रयोग गर्नु ठीक छ। कुनै गतिविधिमा यी छन् र कुनैमा छैनन्।

**❸ रूपमा केन्द्रित हुनुहोस्।**

प्राथमिक लेभलमा तपाईंलाई थाहा हुनुपर्ने व्याकरण र अभिव्यक्तिहरू तपाईंले पढ्नुभएको पाठबाट लिइएको छ। बोल्ने र सुन्ने गतिविधिहरूको लागि जस्तै यसका सबै चरणहरू एकै किसिमका छन् तर पढ्ने गतिविधिहरूका लागि कुनै अडियो फाइल छैन। पाठ हेर्नुहोस् र रेखाङ्कित खाली ठाउँहरूमा शब्दहरू भर्नुहोस्। कुनै गतिविधिमा यी छन् र कुनैमा छैनन्।

**❹ क्यान-डु (गर्न सक्ने) जाँच**





©The Japan Foundation

## लेख्ने गतिविधिहरू

**❶ क्यान-डु (गर्न सक्ने) उद्देश्य**

**❷ लेख्ने**


1. सेटिङ जाँच्नुहोस्।
   तपाईं लेख्नुअघि स्थिति, उद्देश्य र लेख्ने कार्यको सामग्री जाँच्नुहोस्।

2. **उदाहरणहरू पढ्नुहोस्।**
   उदाहरणहरू छन् भने तपाईंले के लेख्ने भनेर बुझ्न दिइएका ती उदाहरणहरू पढ्नुपर्छ। कुनै कुनै अवस्थामा यसको ठीक अघि आउने पढ्ने गतिविधि यसकै नमुना (उदाहरण) हो।

3. **लेख्नुहोस्**
   वास्तविक जीवनमा फारामहरू भर्दा तपाईंले हातले लेख्नुहुनेछ वा सन्देश पठाउँदा स्मार्ट फोन वा कीबोर्ड प्रयोग गर्नुहुनेछ। सन्देश र सामाजिक सञ्जालका लागि सक्नुहुन्छ भने स्मार्ट फोन वा कीबोर्डमा टाइप गर्न, पठाउन, पोस्ट गर्न प्रयास गर्नुहोस्।

4. **तपाईंले जे लेख्नु भएको छ, त्यसबारेमा प्रतिक्रिया लिनुहोस्।**
   तपाईंको सहपाठीसँग मिलेर एकअर्काले लेखेको कुरा पढ्नुहोस्, टिप्पणी दिनुहोस् र जवाफहरू लेख्नुहोस्। पाठकबाट प्रतिक्रिया प्राप्त गरी तपाईं उनीहरूको दृष्टिकोणबाट लेख्न सिक्नुहुनेछ। कुनै गतिविधिमा यी छन् र कुनैमा छैनन्।

**❸ क्यान-डु (गर्न सक्ने) जाँच**





©The Japan Foundation

## 3 अन्य खण्ड र तिनका चरणहरू

### खान्जी शब्दहरू


यो खण्ड तपाईंले शब्दहरूसँगै प्राथमिक लेभलको खान्जी अभ्यास गर्नको लागि हो। यसको उद्देश्य भनेको दैनिक जीवनमा चाहिने खान्जीको अर्थ देख्न र बुझ्नको लागि सक्षम हुनु हो साथै आवश्यक पर्दा यसलाई स्मार्ट फोन वा पर्सनल कम्प्युटरमा टाइप गर्न सक्षम हुनु हो।

प्रत्येक पाठमा यो खण्डले गतिविधिबाट करिब 10 खान्जी शब्दहरूलाई समेट्छ। (तपाईंले स्टार्टर, एलिमेन्टरी 1 र एलिमेन्टरी 2 मा जम्मा 429 खान्जी सिक्नुहुनेछ।) चरणहरू तल दिइएका छन्।

**1 खान्जी शब्द र तिनीहरूको अर्थ कसरी पढ्ने भनेर जाँच्नुहोस्।**
शब्दको अर्थ जाँच्दा खान्जी कसरी पढ्ने भनेर ध्यान दिनुहोस्। खान्जी तीन फरक फन्टहरूमा लेखिन्छ त्यसैले तपाईं कुनै पनि शैलीमा बानी पार्न सक्नुहुनेछ।

**2 वाक्यमा भएका खान्जी शब्दहरू पढ्नुहोस्।**
खान्जी शब्दहरू समावेश भएको वाक्य पढ्नुहोस् र तपाईंले ती पढ्न र बुझ्न सक्नुहुन्छ कि हुन्न, जाँच्नुहोस्।

**3 खान्जी शब्दहरू टाइप गर्नुहोस्।**
स्मार्ट फोन, ट्याबलेट, वा कीबोर्डमा खान्जी शब्दहरू टाइप गरी सही ढङ्गले टाइप भयो कि भएन भनी जाँच्नुहोस्। तपाईंले हातले खान्जी लेख्न सक्षम हुनुपर्दैन तर यदि तपाईं खान्जीमा रुचि राख्नुहुन्छ र तपाईंले हस्तलेखनको अभ्यास गर्न चाहनुहुन्छ भने यसो गर्न सक्नुहुनेछ।





### व्याकरण नोटहरू

यी प्रत्येक पाठका व्याकरणका बुँदाहरूका व्याख्या हुन्। तिनीहरूले प्रत्येक गतिविधिमा “रूपमा केन्द्रित हुनुहोस्” भागमा भएका व्याकरण र अभिव्यक्तिलाई समेटेका छन्। “रूपमा केन्द्रित हुनुहोस्” भागमा प्रश्नहरू ! का उत्तरहरू जाँच्न यो खण्ड पढ्नुहोस्।

यी व्याख्याले गतिविधिमा प्रयोग गरिएका रूप, अर्थ, व्याकरण र अभिव्यक्तिको प्रयोगलाई समेट्छन्। त्यहाँ पाठ्यपुस्तकका गतिविधिहरूमा समावेश नभएका अतिरिक्त जानकारी र व्याकरण प्रयोगका थप उदाहरण वाक्यहरू पनि छन्। साथै, त्यहाँ संयोजक तालिका र समान अभिव्यक्तिका तुलनाहरू छन् जसले गर्दा तपाईं व्याकरणको ज्ञानलाई व्यवस्थित गर्न सक्नुहुनेछ।

कक्षामा “रूपमा केन्द्रित हुनुहोस्” भागको लागि, विद्यार्थीले पहिले व्याकरण र अभिव्यक्ति आफैले कसरी प्रयोग गर्ने भनेर सोच्नुपर्छ। त्यसपछि उनीहरू व्याख्या पढ्न सक्नेछन् वा शिक्षकले नै उनीहरूलाई बुझाउन सक्नेछन्। अर्को विकल्प भनेको यस खण्ड केवल कक्षामा मात्र सीमित गर्नु हो। त्यसपछि विद्यार्थीहरूले गृहकार्यको लागि व्याख्या पढ्न सक्नेछन्।




 ©The Japan Foundation

यो पाठ्यपुस्तकमा व्याकरणमा केन्द्रित अभ्यास छैन।
आवश्यक भएमा कृपया “मारुगोटो”-को ‘रिकाइ’ (सञ्चार भाषा प्रतिस्पर्धाको लागि पाठ्यपुस्तक) जस्तो अरू सामग्री प्रयोग गर्नुहोस्। यद्यपि शिक्षकहरूले क्यान-डुसँग सम्बन्धित व्याकरण अभ्यासहरू तयार पार्नुपर्छ।

यो खण्डमा गरिएका व्याख्याहरू अङ्ग्रेजी भाषामा (वा स्थानीय भाषामा) पढ्नुपर्छ।
जापानी भाषाको व्याख्या केवल शिक्षकको लागि मात्र सन्दर्भको रूपमा दिइएको हो, त्यसैले कुनै पनि विद्यार्थीले यो जापानी भाषा पढ्न र बुझ्न आवश्यक छैन।

यस खण्डमा विभिन्न पदवर्गका लागि निम्न लिखित सङ्केतहरू प्रयोग गरिएका छन्।

N ..........नाम

ナA ..........ナ-विशेषण

イA ..........イ-विशेषण

V ...........क्रिया

S ...........वाक्य

V-る भनेको शब्दकोशमा छापिएको क्रियापदको एउटा रूप हो। यसमा 読む र 行く जस्ता る-मा अन्त्य नहुने क्रियापदहरू पनि समावेश छन्।

## जापानी जीवनका लागि सुझावहरू



यो स्तम्भले जापानी जीवनको बारेमा उपयोगी ज्ञान समेटेको छ। तपाईंले थुप्रै तस्विर र उदाहरणमार्फत जापानी जीवन र जापानी संस्कृतिको बारेमा सिक्न सक्नुहुनेछ।

प्रत्येक पाठका शीर्षकहरू मुख्य पाठबाट लिइएका हुन्, जुन कुराहरू विशेष गरी कहिल्यै जापान नगएका विद्यार्थीहरूलाई थाहा नहुन सक्छ। त्यहाँ सन्दर्भ सामग्री पनि समावेश छ, जुन तपाईं जापानमा बसोबास गर्दा उपयोगी हुनेछ। गतिविधिपछि यो खण्ड तपाईं आफै पढ्न वा यसलाई कक्षामा हेर्न सक्नुहुनेछ। तपाईंले गतिविधिमा देख्नुभएका केही कुराको व्याख्या चाहनुहुन्छ भने यो खण्ड जाँच्न सक्नुहुन्छ।

“व्याकरण नोटहरू” जस्तै यो खण्ड पनि अङ्ग्रेजी भाषामा (वा स्थानीय भाषामा*) पढ्नुपर्छ। जापानी भाषाको व्याख्या केवल शिक्षकको लागि मात्र सन्दर्भको रूपमा दिइएको हो, त्यसैले कुनै पनि विद्यार्थीले यो जापानी भाषा पढ्न र बुझ्न आवश्यक छैन।


©The Japan Foundation